अंक: माघ - चैत्र २०७८

# पैरवी




**प्रकाशनमा सहयोग गर्नुहुने :**
**सिर्जना विश्वकर्मा, संगिता चौगुठी, पुष्पा सापकोटा**

**संयोजक:**
**एलिसा श्रेष्ठ, सुलोचना खनाल, सविता पुर्कुटी**

पैरवीको यस अंकमा ओरेकले फेब्रुवरी २०२२ देखि अप्रिल २०२२ सम्म सञ्चालन गरेका अभियानमुलक तथा पैरवीमुलक कार्यक्रमहरूको जानकारी समावेश गरिएको छ । यस अवधीमा ओरेकले आफ्नो ३१ औं स्थापना दिवस मनाउनुको साथै ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा "महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाब" अभियानको राष्ट्रव्यापी घोषणा र सोहि अभियान अन्तर्गत "महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकारः सामाजिक रूपान्तरणको आधार" अभियानको सुरूवात गरि संस्थाले गरेका पैरवीमुलक तथा सचेतनामुलक कार्यक्रमका केही मुख्य गतिविधी यस अंकको न्युजलेटरमा प्रस्तुत गरिएको छ ।

ओरेक
बालकुमारी, ललितपुर फोन नं.: ०१ ५१८६०७३,
ईमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org
हटलाईन नम्बरहरु:१६६००१७८९१०;१६६०-२१-५२०००

# फर्केर हेर्दा

ओरेकले आफनो स्थापनाकाल देखि नै महिला हिंसा विरूद्धको अभियान, मानव अधिकार र सामाजिक न्यायको अभियान र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अभियानलाई निरन्तर अगाडि बढाईरहेको छ । यसै गरि ओरेकले हिंसा प्रभावित महिलाहरूको लागि आवश्यकता अनुसारको सेवा प्रदान, महिला मानव अधिकार रक्षकहरूको सुरक्षा, सम्मान र पहिचानका साथै महिलाको श्रमको पहिचान, र मान्यता स्थापित गर्न निरन्तर रूपमा पैरवी गर्दै आइरहेको छ । यस्तै क्रममा चैत्र १९ गतेको ओरेकको ३१ औ स्थापना दिवसको अवसर पारेर आफनो स्थापना कालदेखि हालको अवस्था सम्म सञ्चालित कार्यक्रमहरूको संगालो प्रर्दशनी कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा विभिन्न अभियानको तस्विर, भिडियो, चित्र, फ्लेक्स, व्यानर, डकुमेन्ट्री, तथ्याङ्क, चार्टहरु जानकारी मुलक सामग्रीहरु मार्फत प्रस्तुतीकरण गरिएको थियो । यस कार्यक्रम सरोकारवाला निकायहरु र संस्थाहरूको उपस्थितीमा सम्पन्न भएको थियो ।






















# हाम्रो अभियान जारी छ



आज भन्दा ३१ वर्ष अगाडी चैत्र १९ मा एउटा जातीय, वर्गीय रुपले विभेदित किशोरीको कठीन जीवन कथाबाट अभिप्रेरीत हुँदै त्यस्ता किशोरीहरुका लागि न्यायको पहल तथा उनीहरुको त्यस्तो स्थितिको रुपान्तरण गर्ने अठोटका साथ स्थापित महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले आज आफ्नो स्थापना दिवस मनाउँदै छ। उक्त किशोरीका लागि न्यायको खोजी गर्ने क्रममा सिक्दै, सिकाउदै, सहयोग गर्दै, विभेद अन्त्यका लागि सामाजिक रुपान्तरणको आवाज उठाउँदै नुवाकोट जिल्लाको तात्कालीन शिखरबेशी गाउँपालिका (दुप्चेश्वोर गाउँपालिका) बाट आफ्नो यात्रा सुरु गरी अहिले प्रत्यक्ष रुपमा १९ जिल्लामा आफ्नो काम गरिरहेको छ भने महिला मानवअधिकार रक्षकहरुको राष्ट्रिय संजालसंगको सहकार्यमा देशभर नै रुपान्तरणको अभियानमा छ। सबै प्रकारका महिला माथि हुने गरेका हिंसा, जात, लैङ्गिकता, यौनिक व्यवहार, शारीरिक अवस्था, गर्ने कामको प्रकृतिको आधारहरु खडा गरी गरिने सम्पूर्ण विभेदहरु समाजमा जरो गाडेर रहेको, महिला पुरुषको बीचमा स्थापित असमान शक्ति सम्बन्ध, त्यसलाई जन्माउने पितृसत्तात्मक सामाजिक संरचना र उक्त संरचनालाई टेको लाउने हानिकारक मूल्य मान्यता हुन् भन्ने हाम्रो मान्यता छ। यसलाई तोड्न सामाजिक रुपान्तरणको अभियान आवश्यक छ भन्ने हाम्रो विश्वास छ।

यही विश्वासका कारण हामी विगत ३१ वर्ष देखि निरन्तररुपमा सडक देखि सदन सम्म आवाज उठाइरहेका छौं। देशका हरेक नागरिकले स्वतन्त्र र न्यायपूर्ण वातावरणमा कुनै विभेद र हिंसा बिना बाच्न पाउने अवस्था सिर्जना हुने वातावरण निर्माणका लागि हामी क्रियाशील रहने प्रतिबद्धता जाहेर गर्दछौं । हाम्रो यो यात्रामा अहिले सम्म हामीलाई साथ दिने हाम्रा संस्थापक सदस्यहरु, सदस्यहरु, महिला समूह, किशोरी समूह, संजाल, विभिन्न महिला संघ संस्थाहरु, मानव अधिकार/महिला मानवअधिकार रक्षक संजाल, व्यक्तिहरु, स्थानीय सरकार लगायतका सरकारी निकायका प्रतिनिधीहरु, दात्री निकायका साथै सम्पूर्ण पिडित/प्रभावितहरु जसले हामीलाई काम गर्ने बाटो देखाउनु भयो सबैमा आभार प्रकट गर्दछौं । हाम्रो सहकार्यले धेरै परिवर्तन ल्याएको छ, अझ धेरै ल्याउन बाँकी छ। त्यसैले अब आउने दिनमा हामी यहाँहरुबाट अझ धेरै सहयोग, सहकार्य र ऐक्यबद्धताका लागि हार्दिक अनुरोध गर्दछौं। परिवर्तन सम्भव छ। हामीले परिवर्तन हुने वातावरण निर्माण गरेका छौं, हामी परिवर्तनका लागि वातावरण निर्माण गर्न प्रतिबद्ध छौं । सबैमा हार्दिक धन्यवाद।

**डा. रेणु अधिकारी**
**अध्यक्ष, ओरेक**

ओरेकले आफ्नो स्थापनाकालदेखि नै हिंसा प्रभावित महिलाहरूको न्याय र उनीहरूको अधिकार सुनिश्चित गर्न विभिन्न किसिमको सहयोग गर्दै आएको छ। तारकेश्वर नगरपालिकामा ओरेकको समन्वयमा थुप्रै हिंसा प्रभावित महिलालाई न्याय पाउने वातावरण बनेको छ। यसैगरि ओरेकले तारकेश्वर नगरपालिकामा हरेक शुक्रबार हिंसा प्रभावित महिलाहरूलाई मनोविमर्श सेवा अन्य आवश्यक सेवाको लागि पहल गर्दै आएको छ।

-लक्ष्मी गैरे, जनप्रतिनिधि, तारकेश्वर १०



संस्थाले लामो समय देखि नै महिला अधिकार र सामाजिक न्यायको क्षेत्रमा विभिन्न स्तरमा अभियानहरू सञ्चालन गर्दै आइरहेको छ। यसै क्रममा मैलेपनि ओरेकद्वारा संचालित विभिन्न तालिम, अभिमुखिकरण कार्यक्रममा सहभागी हुने अवसर पाएको छु। ओरेकले महिलाको सामाजिक न्यायको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ भने महिला मानव अधिकार रक्षक संजालको सदस्यको नाताले मैले पनि मेरो जीवन, मेरो छनोट, मेरो निर्णय, मेरो गतिशीलता र मेरो अधिकार संग सम्बन्धित ज्ञान पाउँदा धेरै गर्व लाग्छ।

-बेबी राजभण्डारी, सदस्य, महिला मानव अधिकार रक्षक संजाल



ओरेकले विगत ३१ वर्षदेखि निरन्तररूपमा महिला अधिकारका सवालहरूलाई उठान गर्दै आइरहेको छ, तर हाम्रो समाजमा अझै पनि महिलालाई हेर्ने दृष्टिकोण परिवर्तन भईसकेको छैन। त्यसैले ओरेकले आगामी दिनमा महिलाले स्वतन्त्र र सुरक्षित जीवनयापन गर्न पाउने अधिकारको सवाललाई अधिकारीमुखी हिसाबले अगाडि बढाउँदै लैजानुपर्छ।

-तारक धिताल, वरिष्ठ बालअधिकारकर्मी



ओरेकले नेपालको महिलावादी आन्दोलनलाई सकारात्मक ढंगले अगाडि बढाउँदै लगेको छ भने अहिले डिजीटल युगको कारणले बढिरहेको अनलाइन हिंसा विरूद्धको मुद्दालाई पनि आत्मसात गर्दै लैजानु पर्ने आवश्यकता छ।

-देवेन्द्र प्रसाद अधिकारी, फोरम एसिया



# महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकारः सामाजिक रूपान्तरणको आधार राष्ट्रव्यापी अभियान




देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको स्थापना भएसँगै राजनैतिक रूपान्तरण भएको छ । यो सँगै यी उपलब्धिहरु संस्थागत गर्न देशले सामाजिक, आर्थिक सबै क्षेत्रमा रूपान्तरण खोजेको छ । समाजमा महिला, पुरूष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूबीच तथा जात, वर्ग, यौनिक तथा लैङ्गिक पहिचान, भुगोल आदिको आधारमा सिर्जित असमान शक्तिसम्बन्धमा रूपान्तरण बिना हामीले खोजेको परिवर्तन असम्भव छ । असमान शक्तिसम्बन्धमा रूपान्तरण गर्ने बलियो आधारका लागि पाखा लगाइएका व्यक्तिहरूको नेतृत्वमा समान सहभागिता, निर्णयको अधिकार स्थापित हुनुपर्दछ ।

आसन्न निर्वाचनमा संविधानको धारा ३८ को उपधारा ४ अनुसार राज्यका सबै संरचनाहरूमा महिलाको समानुपातिक समावेशी नेतृत्व सुनिश्चित गर्न सकेमा मात्र राजनैतिक पार्टीहरु संविधानको मर्मअनुरूप देशको समग्र रूपान्तरणको आधार तयार गर्न प्रतिबद्ध छन् भन्ने अनुभूत गर्न सकिन्छ । दुर्भाग्यवश अहिलेसम्मका अनुभव एवं अध्ययनहरूले देशको हरेक तहमा जरो गाडेर रहेको विभेदपूर्ण संरचना र त्यसैमा आधारित महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणले सहजै महिलाको राजनीतिक नेतृत्व स्वीकार गर्ने वातावरण छैन । यसमा परिवर्तन हुन नसके अब आउने ५ वर्षभित्र पनि देशमा आम नागरिकले अनुभव गर्ने गरी समाजमा प्रगतिशील रूपान्तरण हुने आधार बन्न सक्ने छैन । यो स्थितीको परिवर्तन बिना न त संघीय लोकतान्त्रिक गणतन्त्र दिगो बन्न सक्छ न त देशमा सामाजिक साँस्कृतिक रूपान्तरण नै सम्भव छ । यसका लागि स्थानीय तहदेखि संघीय तहसम्म नेतृत्वमा रहेका व्यक्तिहरूले आफुलाई परिवर्तनका लागि तयार गर्दै महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व गर्ने गरी उम्मेदवारी दिंदै जीत सुनिश्चित हुने वातावरण निर्माण गर्न आवश्यक छ ।

यीनै आवश्यकताहरु बोध गर्दै महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार सुनिश्चित गर्न राज्यका सबै संयन्त्रहरूको ध्यानाकर्षण तथा निर्णायक तहमा महिला जनप्रतिनीधिको उपस्थिति सुनिश्चित हुन सक्ने वातावरण निर्माण गर्न राजनीतिक दलहरूमा दबाव सिर्जना गर्ने मुख्य उद्देश्य सहित महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार : सामाजिक रूपान्तरणको आधार भन्ने नाराका साथ विभिन्न मागहरु राखि ७ वटै प्रदेशमा देशव्यापी रूपमा मिति २०७८ साल चैत्र १९ गते अभियानको घोषणा गरिएको थियो । आसन्न निर्वाचनलाई लक्षित गरी यस अभियान ओरेकद्वारा, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल, सामाजिक अभियन्ता, विद्यार्थी, सञ्चारकर्मी, कलाकारहरु लगायत मानव अधिकारकर्मीहरूको समन्वय तथा सहकार्यमा आयोजना गरिएको हो । यस अभियान अन्तर्गत समुदाय तहदेखि राष्ट्रिय स्तरसम्म निम्न गतिविधिहरु सञ्चालन भएका छन् ।

## अभियानका उद्देश्यहरू

- महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार सुनिश्चित गर्न राज्यका सबै संयन्त्रहरूको ध्यानाकर्षण गर्ने ।
- निर्णायक तहमा महिला जनप्रतिनीधिको उपस्थिति सुनिश्चित गर्न राजनीतिक दलहरूमा दबाव सिर्जना गर्ने ।

# अभियान अन्तर्गत स्थानीय तहदेखि केन्द्रिय तहसम्म सम्पन्न मुख्य गतिविधिहरू



ओरेकले आफ्नो ३१ औं वार्षिकोत्सवको शुभ-अवसरमा आगामी निर्वाचनमा निर्णायक तहमा महिलाको अर्थपूर्ण समानुपातिक समावेशी सहभागिता सुनिश्चितताको वातावरण तयार गर्न महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार : सामाजिक रूपान्तरणको आधार भन्ने नारा सहित राष्ट्रव्यापी अभियान मिति २०७८ साल चैत्र १९ गते घोषणा गरिएको थियो । देशव्यापी रूपमा बिभिन्न सांस्कृतिक कार्यक्रम, मन्तव्य र प्रतिबद्धतासहित घोषणा गरिएको उक्त अभियानमा बोल्दै राजनीतिक पार्टीका प्रतिनिधिहरूले निर्णायक तहमा महिलाको समानुपातिक समावेशी नेतृत्व सुनिश्चितताका लागि राज्यका सबै संयन्त्र र राजनीतिक दलहरु संवेदनशील भई दलभित्र महिलाको समानुपातिक र अर्थपुर्ण सहभागिता सुनिश्चितताका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । यस अभियानमा समुदाय तहका समूह तथा सञ्जाल, मानव अधिकार रक्षक, मानव अधिकारकर्मी, नागरिक अभियन्ता लगायत मानव अधिकार एवम् सामाजिक न्यायमा प्रतिबद्ध सबैले ऐक्यबद्धता जनाएका थिए ।

## अभियान घोषणा सभा










## ध्यानाकर्षण पत्र बुझाउने

अभियानको पहिलो चरणमा ओरेकको संयोजकत्वमा ७३ वटा संघ संस्था र समुदाय तहका समूह तथा सञ्जालहरु संगको समन्वयमा विभिन्न जिल्ला तथा केन्द्रिय तहका प्रमुख राजनीतिक दलहरु नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेकपा कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाली काँग्रेस, समाजवादी पार्टी लगायतका राजनीतिक दललाई ७ बुँदे मागसहितको ध्यानाकर्षण पत्र बुझाएको छ । यसै कार्यक्रम अन्तर्गत देशका ७ वटा प्रदेशहरूमा पनि जिल्ला स्तरीय राजनीतिक दलका प्रतिनिधिहरूलाई समेत ध्यानाकर्षण पत्र बुझाइएको छ। निर्णायक तहमा महिला जनप्रतिनीधिको उपस्थिति सुनिश्चित गर्न राजनीतिक दलहरूलाई दबाव सिर्जना गर्ने मुख्य उद्देश्य सहित ध्यानाकर्षण पत्र बुझाइएको थियो । ध्यानाकर्षण पत्र बुझ्दै राजनीतिक दलका प्रतिनिधिहरूले सही समयमा अभियानले उठाएका मागहरु प्रति सकारात्मक अभिव्यक्ति दिंदै पार्टीको घोषणापत्रमा उक्त मागहरूलाई संबोधन गर्दै कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता समेत जनाएका थिए ।





यसैगरी आसन्न निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगनले २०७८ चैत्र २२ गते राजनीतिक दलहरूलाई निर्वाचन व्यवस्थापनलाई लैंगिक तथा समावेशीमैत्री बनाउने सम्बन्धमा दिएको निर्देशनको बुंदा नम्वर ६ मा स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उमेद्वारी दिने राजनीतिक दलले महिलाको मनोनयनको व्यवस्था गर्ने भनी सुचना जारी गरिएकोमा पुनः २०७८ चैत्र २९ गते बुँदा नम्वर ६ लाई सच्याउँदै प्राथमिकता दिने भनी आएको सुचनाले महिलाको समानुपातिक समावेशी सहभागितालाई वेवास्ता गरेको थियो । तसर्थ आसन्न निर्बाचनमा नेपालको संविधानको धारा ३८ को उपधारा ४ मा मौलिक हककै रूपमा व्यवस्था गरिए अनुसार राज्यका सबै संरचनामा महिलाको समानुपातिक समावेशी नेतृत्व अनिवार्य रूपमा सुनिश्चितताको लागि आयोगबाट निर्णायक कदम चाल्नको लागि अपिल गर्दै निर्वाचन आयोगका प्रमुख आयुक्त माननीय दिनेश कुमार थपलियालाई ओरेक, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल लगायत मानव अधिकारको सवालमा कार्यरत विभिन्न संघसंस्थाहरूले संयुक्त रूपमा ध्यानाकर्षण पत्र बुझाएको थियो ।

साथै संविधान प्रदत्त महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार सुनिश्चितताको लागि पहल गर्न र चुनाबका दौरान महिला नेताहरूमाथि हुने विभिन्न स्वरूपका हिंसा संवोधनका लागि संयन्त्र निर्माण तथा सोको प्रभावकारी कार्यान्वयनका लागि ओरेक, महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल लगायत मानवअधिकारको सवालमा कार्यरत संघसंस्थाहरूले संयुक्त रूपमा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष श्री कमला पराजुलीलाई संयुक्त रूपमा अपिल गरेको थियो ।







आसन्न निर्वाचनलाई लक्षित गरी महिला उम्मेदवारहरूलाई होच्याउने र चरित्र हत्या गर्ने, असंवेदनशील अभिव्यक्तिहरु दिने जस्ता संविधानको मर्म विपरितका कामहरु भइरहेको र यस किसिमका महिला हिंसासँग जोडिएका सवालमा मानव अधिकारकर्मीहरूले आवाज उठाइरहँदा मानव अधिकारकर्मीहरू माथि नै विभिन्न सञ्चार माध्यमहरूद्वारा आक्षेप र लाञ्छना लगाउने काम भएकोले यस्ता सवालहरु मा सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गराउन ओरेकद्वारा प्रेस विज्ञप्तीहरु जारी गरिएको थियो ।



# हटलाईन सेवा निरन्तरता तथा थप सेवा प्रदान




ओरेकले हिंसा प्रभावित महिला तथा किशोरीहरूमाथि भएका हिंसाको घटनालाई संवोधन गर्नका लागि निरन्तर रूपमा हटलाइन सेवा सञ्चालन गर्दै आइरहेको छ । यस कार्यलाई निरन्तरता दिंदै जुन सुकै अवस्थामा पनि हामी तपाइंहरूको साथमा छौं भन्ने भनाइलाई आत्मसाथ गरी आसन्न निर्वाचनको समयमा महिला उम्मेद्वारमाथि हुने हिंसा तथा दुर्व्यवहारको जोखिमलाई मध्यनजर गर्दै निरन्तर सञ्चालनमा रहेको हटलाईन सेवालाई २४ सै घण्टा सुचारु गरी मनोसामाजिक परामर्श सेवा, कानुनी परामर्श तथा सहयोग जस्ता सेवाहरु प्रदान गरेको थियो । यस अवधिमा महिला उम्मेदवारमाथि भएका १० वटा घटना अभिलेखीकरण भएको छ भने उनीहरूलाई मनोविमर्श वा तथा अन्य आवश्यक सेवाहरु प्रदान गरिएको थियो ।

**सहयोग वा परामर्शका लागि ओरेक को नि:शुल्क हटलाईन नम्बर: १६६००१७८९१०**

## मोवाइल एसएमएस

यसै अभियान अन्तर्गत सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु प्रतिनिधि तथा राष्ट्रिय सभा सदस्यहरु संवैधानिक आयोगहरु सबै पालिकाका प्रमुख तथा उप प्रमुखहरु सहित २,००० भन्दा बढीलाई मोबाइल एसएमएस (SMS) पठाइएको थियो । एसएमएस मार्फत स्थानीय निर्वाचनमा संविधान प्रदत्त महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार र महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चितताको लागि पहल तथा ऐक्यवद्धताको लागि हार्दिक अपिल गरिएको थियो ।







## सामाजिक सञ्जाल अभियान

आसन्न निर्वाचनमा संविधानको धारा ३८ को उपधारा ४ अनुसार राज्यका सबै संरचनाहरूमा महिलाको समानुपातिक समावेशी नेतृत्व सुनिश्चित गर्न सकेमा मात्र देशमा समग्र सामाजिक रूपान्तरणको आधार तयार हुन सक्छ भन्ने सवाललाई अगाडी सार्दै चुनाबमा महिला उम्मेदवारहरूलाई अगाडी ल्याउन विभिन्न नाराहरु राखेर ओरेकले सामाजिक सञ्जालहरु मार्फत अभियान सञ्चालन गरेको छ ।



# स्थानीय तहको निर्वाचन :
## महिलाको समानुपातिक तथा समावेशी सहभागिताको आवश्यकता विषयक प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न

महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार सुनिश्चित गर्न राजनीतिक दलहरूमा दबाव सिर्जना गर्ने मुख्य उद्देश्य सहित मिति २०७९ साल बैसाख ८ गते महिला मानव अधिकार रक्षक सञ्जाल रुपन्देही, गाउँपालिका राष्ट्रिय महासंघ, सामुदायिक रेडियो प्रसारक संघ र किशोरी अधिकार मञ्चको संयुक्त आयोजनामा स्थानीय निर्वाचनमा महिलाको समानुपातिक समावेशी सहभागिताको आवश्यकता, अवसर र चुनौती विषयक लुम्बिनी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आगामी निर्वाचनमा संविधानमा व्यवस्था भए बमोजिम सबै संरचनाहरुमा महिलाको समानुपातिक समावेशी नेतृत्व सुनिश्चित गर्न सकेमा मात्र देशको समग्र रुपान्तरणको आधार तयार हुन सक्छ । कार्यक्रममा राजनीतिक दलहरुका प्रदेश स्तरीय प्रमुख तथा प्रतिनिधिहरुले जस्तै चुनावि रणनिति अपनाए पनि आगामी निर्वाचनमा महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार सुनिश्चितताको लागि प्रतिबद्धता जनाएका थिए ।

साथै रुकुम र धनुषा जिल्लामा पनि ओरेकले महिला मानव अधिकार रक्षकहरुको सञ्जाल र अन्तरपार्टी महिला सञ्जाल संगको समन्वय तथा सहकार्यमा राजनीतिमा महिलाको अर्थपूर्ण सहभागिता विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । यसैगरी ओरेक कार्यरत जिल्लाहरुमा यसै अभियान अन्तर्गत रहेर वडा भेला, बैठक, गोष्ठी, अभिमुखीकरण लगायत विभिन्न सचेतनमूलक गतिविधिहरु सञ्चालन भएका थिए ।





## अभियानका मागहरू :

१. नेपालको संविधानको धारा ३८ को उपधारा ४ मा मौलिक हककै रूपमा व्यवस्था गरिए अनुसार राज्यका सबै संरचनामा महिलाको समानुपातिक समावेशी नेतृत्व सुनिश्चित गरियोस् ।

२. महिला र महिलाभित्रको बिविधतालाई (दलित, जनजाति, यौनिक तथा लैंगिक अल्पसंख्यक, अपागंता आदि) सम्मान र स्वीकार गरिसोहि अनुसारको सहभागिता र निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चित गरियोस् ।

३. चुनाव प्रचारप्रसारको क्रममा हुने आर्थिक अनियमीतताले गर्दा महिलाहरूलाई स्वतस्फुर्त रूपमा चुनाबी प्रतिस्पर्धामा आउन कठिन हुने हुँदा सबै राजनीतिक दलले सो सँग सम्बन्धित निर्वाचन आचारसंहिताको पुर्ण रूपले पालना गरि महिलाको नेतृत्वलाई प्रोत्साहन गरियोस् । चुनाबलाई निस्पक्ष र मीतव्ययी बनाइयोस् ।

४.चुनाबी दौरानमा कुनै पनि महिलाको नेतृत्वलाई उनीहरूको यौनिकतासंग जोडेर लगाइने चारित्रिक आरोप, लाञ्छना जस्ता कार्यहरू पूर्ण रुपमा निषेध हुने वातावरण निर्माण गरियोस् । उक्त कुरा हरेक राजनीतिक पार्टीहरूद्वारा आफ्नो आचार संहितामा स्पष्ट रूपमा उल्लेख गरियोस् । कहीँ कुनै कार्यकर्ताबाट भएको जानकारी आउँदा उक्त कार्यमा संलग्न पार्टी नेतृत्व तथा कार्यकर्तालाई सबैले थाहा पाउने तबरले अबिलम्ब कारवाही गरियोस् ।

५.सबै राजनितिक दलहरूले आफ्नो चुनाबी घोषणापत्रमा भूमीहिन, सुकुम्बासी तथा अव्यवस्थित समुदायका महिलाहरूको आत्मसम्मानपुर्वक जीवनयापन गर्नका लागि भूमी र बास अधिकारको मौलिक हकलाई योजनावद्ध रूपमा कार्यान्वयन गर्ने योजना सार्वजनिक गरियोस् ।

६. समुदाय तहदेखि घरेलु श्रम लगायत अनौपचारिक क्षेत्रमा कार्यरत महिला श्रमिकहरूको श्रमको पहिचान, मूल्याङ्कन र सम्मान गर्दै सूचिकरण गर्ने प्रतिबद्धता सार्वजनिक गरियोस् ।

७. सबै राजनीतिक दलहरूले आफ्नो चुनाबी घोषणापत्रमा महिला, बालबालिका तथा किशोरीहरूको सवाललाई राजनीतिक सवालको रूपमा स्पष्ट उल्लेख गरि प्रभावकारि कार्यान्वयनका लागि पहल गरियोस् ।

# महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाब अभियान घोषणा

८ मार्च २०२२, ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारि महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाब अभियानको राष्ट्रव्यापी घोषणा गरिएको छ । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा काठमाडौंमा ५० भन्दा बढी महिला अधिकारकर्मीहरु महिला मानव अधिकार रक्षक सञ्जालका प्रतिनिधिहरु विभिन्न संघसंस्थाहरु महिलावादी, विद्यार्थीहरूको उपस्थिती रहेको र्‍यालीको कोणसभालाई सम्बोधन गर्दै ओरेकका अध्यक्ष डा. रेणु अधिकारीले अभियानको घोषणा गर्नुभएको थियो । सम्बोधनको क्रममा डा अधिकारीले अहिलेसम्मको महिलावादी आन्दोलनले ल्याएका उपलब्धीहरूलाई संस्थागत गर्दै श्रमिक महिला भित्रको विविधतालाई समेत स्वीकार गरि कार्य गर्ने वातावरणको निर्माण हुन अत्यन्तै जरूरी रहेको बताउनुभयो । श्रमिक महिलाको श्रमको पहिचान, मान्यता, रोजाईको काम गर्न पाउने अधिकार, विभेद, दुर्व्यवहारमुक्त कार्यस्थल एवं शरिरमाथि आफ्नो अधिकारको सुनिश्चितता हुनुपर्नेमा जोड दिंदै डा अधिकारीले श्रमिक महिलाहरूको श्रमको मान्यता, पहिचान र रोजाईको अधिकार मानव अधिकार रहेको समेत बताउनुभयो ।






र्‍याली भद्रकालीबाट सुरु भई रत्नपार्कको खुल्ला मञ्चमा समापन गरिएको थियो । "समान कामको समान ज्याला, महिला हिंसा अन्त्य गरौं, लैगिंक समनता कायम गरौं, महिला रोकिए संसार रोकिन्छ जस्ता नाराहरु लगाउँदै बजार तथा चोकहरु परिक्रमा गर्दै खुल्ला मञ्चमा पुगेर र्‍याली कोण सभामा परिणत भएको थियो । कार्यक्रममा विषयसँग सान्दर्भिक मनोरञ्जनात्मक तथा सचेतानामुलक कार्यक्रमहरूको प्रस्तुती भएको थियो जसमा राष्ट्रिय जनस्वाथ्य विद्यार्थी संघले नाटक प्रस्तुति गरेको थियो भने महिला एकता समाज र ओरेकले नृत्य प्रस्तुत गरेको थियो । विभिन्न संघसंस्था तथा महिला मानव अधिकार रक्षकहरूले कार्यक्रमलाई सम्बोधन र अभियानलाई अगाडी बढाउन हस्ताक्षर गरि कार्यक्रम समापन भएको थियो ।





साथै ओरेक कार्यरत जिल्लाहरु दाङ्, रूकुम, कैलाली, सुर्खेत, कपिलवस्तु, रुपन्देही, सिराहा, उदयपुर, सर्लाही, जुम्ला, महोत्तरी मोरङ् र धनुषामा पनि सोही दिन र्‍यालीको साथै कोणसभाको क्रममा अभियानको घोषणा एकै साथ भएको थियो । र्‍यालीमा काठमाण्डौंमा २००० भन्दा बढी र अन्य जिल्लाहरूमा हजारौको सहभागिता रहेको थियो ।



## ८ मार्च २०२२ को अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस अभियान अर्न्तगत भएका मुख्य गतिविधिहरू

सम्मानित काम, उचित पारिश्रमिक, र हिंसारहित जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको मानव अधिकार हो । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस महिला श्रमिकहरूको अधिकारको आन्दोलनसँग बढी सम्बन्धित छ । हरेक वर्ष मार्च ८ का दिनमा यो दिवसलाई उत्सवको रूपमा संसारभरि नै मनाउने गरिन्छ । इतिहासलाई नियाल्दा विश्वमा भएका श्रमिक महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार प्राप्तिको लागि गरिएका महत्वपूर्ण आन्दोलनहरूको सम्झना र सम्मानको रूपमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको थालनी भएको हो ।

### अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउनुको उद्देश्यहरू :

- **महिलाको श्रमलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरी महिलाले गर्ने कामहरूलाई मूल्य र सम्मान सहितको श्रमको मान्यता स्थापित गर्ने वातावरण तयार गर्ने ।**
- **समुदाय स्तरबाट महिलाको कामको पहिचान, सम्मान, र सुरक्षाको सुनिश्चितताका लागि सङ्गठित रूपमा पैरवी गर्ने ।**
- **ज्यालामा रहेको लैङ्गिक असमानता, ज्याला ठगि र कार्यस्थलमा हुने हिंसा निवारणका लागि वातावरण तयार गर्ने ।**
- **महिला अधिकारका लागि सरकारले गरेका प्रतिबद्धताहरूप्रति उत्तरदायी र जवाफदेही बनाउन पैरवी गर्ने ।**
- **असङ्गठित क्षेत्रका श्रमिक महिलाहरूलाई सङ्गठित गर्दै सामाजीक सुरक्षा नीतिमा समावेश गराउन पैरवी गर्ने ।**













महिलावादी आन्दोलनका उपलब्धीहरु संस्थागत गर्दै श्रमिक महिलाभित्रको विविधतालाई समेत स्वीकार गरि कार्य गर्ने वातावरणको निर्माण हुन अत्यन्तै जरुरी छ । यसका लागि श्रमिक महिलाको श्रमको पहिचान, मान्यता, रोजाईको काम गर्न पाउने अधिकार, विभेद, दुव्र्यवहार मुक्त कार्यस्थल एवं शरीरमाथि आफ्नो अधिकारको सुनिश्चितता हुनुपर्दछ । तसर्थ राज्यका सबै तह र निकायलाई श्रमिक महिलाको पक्षमा संवेदनशील र जवाफदेही बनाई नीतिगत पैरविका लागि महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाब अभियान संयुक्त घोषणा गर्दछौँ । यो अभियानमा ऐक्यवद्धता जनाई न्याय र मानवअधिकारको पक्षमा उभिन हामी सबैमा हार्दिक अपिल गर्दछौँ । श्रमिक महिलाहरुको श्रमको मान्यता, पहिचान र रोजाईको अधिकार मानव अधिकार हो ।

# महिलामाथि हुने हिंसा सम्बोधनका लागि महिलाको श्रमको पहिचान र मान्यताको आवश्यकता विषयक राष्ट्रिय संवाद कार्यक्रम




मिति २०७८ साल चैत्र २ गते ओरेक तथा अग्रणी सञ्जालको संयुक्त आयोजनामा महिलामाथि हुने हिंसा सम्बोधनका लागि महिलाको श्रमको पहिचान र मान्यताको आवश्यकता विषयक राष्ट्रिय संवाद कार्यक्रमको आयोजना गरियो । विद्यमान श्रम ऐन र सामाजिक सुरक्षा ऐनले महिलाको श्रमलाई उनीहरुमाथि हुने हिंसासँग जोडेर सम्वोधन गर्न नसकेकाले यी नीति तथा कानुनहरुलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गरि आवश्यक संशोधन र परिमार्जनद्धारा महिलाले गर्ने जुनसुकै श्रमको मान्यता र पहिचान गर्दै हिंसारहित समाज निर्माण गर्ने वातावरण तयार गर्न सहयोग गर्ने ध्येयले कार्यक्रमको आयोजना गरिएको थियो ।

महिलाको श्रमको पहिचान, मान्यता स्थापित गर्दै महिलामाथि हुने हिंसा नियन्त्रणका लागि आवश्यक पहल गर्ने र महिलाको श्रमको सम्मान गर्न नीतिगत व्यवस्था तथा बिद्यमान कानुनको प्रभावकारी कार्यान्वयन र संसोधनका लागि पैरवी गर्ने उद्देश्य लिएको कार्यक्रममा प्रतिनिधि सभा सदस्य र कानून, न्याय तथा मानव अधिकार समिति सभापति माननीय कृष्ण भक्त खनाल, समाजशास्त्री तथा त्रिभुवन विश्वविद्यालयका सह प्रध्यापक डा नीति अर्याल खनाल तथा अभिवक्ता शर्मीला श्रेष्ठसँग प्यानल छलफल गरिएको थियो ।

छलफलको क्रममा माननीय खनालले श्रममा आधारित विभेद सम्बोधनका लागि कानूनी प्रावधान भएता पनि कार्यान्वयन तहमा रहेका पदाधिकारीहरुको विभेदकारी सोच तथा सामाजिक मूल्य मान्यताका कारण कानून प्रभावकारीरुपमा कार्यान्वयन हुन नसकेको विषयलाई जोड दिंदै यस सवालमा निरन्तररुपमा कार्यरत संघसंस्थाहरु लाई छलफलका लागि आव्हान गर्दै आवश्यक सहयोगका लागि प्रतिबद्धता समेत जाहेर गर्नुभएको थियो । त्यसैक्रममा डा. अर्यालले महिला अधिकारको मुद्दालाई राजनीतीक मुद्दाको रुपमा स्थापित गरिनुपर्ने भन्दै सूचनाको पहुँच र सहयोगी संयन्त्रको अभावले महिलाहरु न्यायको पहुँचबाट वञ्चित हुनुपरेको यथार्थता उजागर गर्नुभएको थियो । यसका लागि विद्यालय तहदेखि नै पाठ्यक्रममा कानूनी विषयवस्तुलाई समावेश गर्नुपर्नेमा जोड दिनुभएको थियो । अधिवक्ता श्रेष्ठले भने श्रमको शव्द आफैँमा पूर्ण भएको र सङ्गठित असङ्गठित सबै कामको समान मान्यता हुनुपर्ने बताउनुभएको थियो ।



खुला छलफलको क्रममा सिरहा जिल्ला अग्रणी सञ्जालका अध्यक्ष सुशिला चौधरीले श्रम ऐनमा उल्लेख भएता पनि समुदायस्तरमा समान कामको समान ज्याला नभएको, घरमा गरिने सेवामुलक कामको मान्यता नभएका कारण महिलाहरुले विभिन्न स्वरु पमा हिंसा खेप्न बाध्य हुनपरेको तीतो यथार्थता प्रस्तुत गर्नुभएको थियो । सहभागीको तर्फबाट कानून कार्यान्वयनको अनुगमन संयन्त्रको अभाव, मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुको हकमा श्रम शोषण र दुर्व्यवहार परेको खण्डमा श्रम सम्झौता लगायत आवश्यक कागजात अभावमा कानूनी उपचारका लागि कठिनाइ भएको, घरेलु श्रमलाई नियमन गर्न संस्थागतरुपमा अगाडी बढाउनुपर्ने लगायतका सवालहरु उठाएका थिए । राष्ट्रिय महिला आयोगको सभा भवनमा भएको कार्यक्रममा सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनीधिहरु ट्रेड युनियनहरु पत्रकारहरु मानव अधिकारकर्मीहरु विद्यार्थीहरु लगायत गरी ६० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।



# जिल्लास्तरिय कार्यक्रमहरू

श्रमिक महिला दिवसको अवसरमा विशेष गरि श्रमिक महिलाका हक अधिकार र श्रमका दौरान महिलाले भोग्नु परेको हिंसा विरूद्धका विषयमा केन्द्रित रहेर पालिकाहरूमा कविता प्रतियोगिता, सडकनाटक, वक्तृत्वकला तथा गायन प्रतियोगिता, ऱ्याली, अन्तरक्रिया, अभिमुखीकरण जस्ता कार्यक्रमहरु सञ्चालन गरी त्रियुगा नगरपालिका, कटारी नगरपालिका, चौदण्डीगढी नगरपालिका, रौतामाई गाउँपालिका, उदयपुरगढी गाउँपालिका, लिम्चुंगबुंग गाउँपालिका गरेर जम्मा ३ वटा नगरपालिका ३ वटा गाउँपालिकाहरूमा श्रमिक महिला दिवस मनाइएको थियो । सामुदायिक संस्था,युवा सञ्जाल, किशोरी समुहको आयोजनामा र ओरेक लगायत पालिका, वडा, महिला शसक्तिकरण श्रोत केन्द्र, आकास गंगा साहित्यिक मञ्चको संयुक्त आयोजनामा पालिका, वडाभरिका महिला तथा माध्यामिक तहमा अध्ययन गर्ने किशोरीहरूको सक्रिय सहभागितामा सञ्चालन भएको कार्यक्रममा नगरमा प्रमुख, उप-प्रमुख, पालिका उपाध्यक्ष वडा अध्यक्ष तथा जनप्रतिनिधिहरूको आतिथ्यता र प्रहरी कार्यलय, महिला बालबालिका तथा जेष्ठ नागरिक कार्यलय तथा महिला बालबालिकाका क्षेत्रमा कार्यरत विभिन्न संघसस्थाहरूको उपस्थिती रहेको थियो ।

औपचारिकरूपमा सञ्चालन भएका सबै पालिकाका कार्यक्रममा महिला, किशोरी तथा पुरूषहरूका उल्लेख्य सहभागिता रहेको थियो । श्रमिक महिला, लैङ्गिक समानता तथा सामाजिक न्याय विषय केन्द्रित भएर कविता, निबन्ध, वक्तृत्वकला प्रतियोगितामा महिला तथा किशोरीहरूले निर्धक्क रूपमा आफ्नो प्रतिभा देखाएका थिए जसमा जनप्रतिनिधि, विद्यालयका शिक्षकदेखि क्याम्पसका प्राचार्य समेतको सहयोगमा प्रतियोगिताको निर्णय निश्पक्षरूपमा गरिएको थियो ।





> मुलुक अध्याँरो दिनबाट उज्यालोतर्फ धकेलिँदासमेत महिलामाथि शोषण, दमन, अत्याचार, बलात्कार, विभेद नहट्नु दुःखद कुरा हो । ‘समान कामको समान ज्याला नहुनु, महिलामाथि आर्थिक र समानतामाथिको शोषण हो, त्यसैले यो विभेद रहेसम्म महिला अगाडी आउन सक्दैन । प्रधानमन्त्री रोजगार कार्यक्रमले मात्र अहिलेसम्म समान कामको समान ज्याला निर्धारण गरेको छ बाँकी सबैमा असमान ज्याला छ,। यो विभेदको अन्त्य गर्न हेरक क्षेत्रमा महिला नेतृत्वलाई प्रमुख पदमा आउनुपर्छ ।
>
> **देवीकुमारी चौधरी**
> **-त्रियुगा नगरपालिकाका उपप्रमुख**


> अन्यायमा परेका र लैङ्गिक हिंसामा परेका जति पनि हिंसा प्रभावित महिलाहरूले महिला बालवालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रबाट पाउनुपर्ने सेवामा प्रभावित केन्द्रित प्रणालीबाट निरन्तर सेवा दिईरहेको र आगामी दिनमा पनि सोहिअनुसार सेवा प्रवाह गर्ने प्रतिवद्धता सेवा केन्द्र प्रमुखले गर्नुभएको थियो । अवधारणा पत्रमा प्रहरीबाट गाली गलौज गरिएको बुदाँमा वर्तमान अवस्थासम्म उहाँको तर्फबाट यस्तो व्यवहार नभएको र नहुने व्यहोरा जानकारी गराउनुभएको थियो ।
>
> **महिला वालवालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका प्रमुख**


**"महिलाको श्रमको पहिचान, मान्यता, रोजाईको कामगर्न पाउने अधिकार, विभेद, दुर्व्यवहारमुक्त कार्यस्थल एवं शरीरमाथि आफ्नो अधिकार : लैंगिक समानताको दिगो आधार”**


श्रमिक महिलाहरुको श्रमको मान्यता, पहिचान र रोजाईको अधिकार मानव अधिकार हो । राज्यका सबै तह र निकायलाई श्रमिक महिलाको पक्षमा संवेदनशील र जवाफदेही बनाई नीतिगत पैरविका लागि “महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाब अभियान” संयुक्त रुपमा घोषणा गरेका छौं । यो अभियानमा ऐक्यवद्धता जनाई न्याय र मानवअधिकारको पक्षमा उभिन हामी सबैमा हार्दिक अपिल गर्दछौँ ।


# महिला तथा बालिकामाथि हुने हिंसा तथ्याङ्क

ओरेकले फेब्रुवरी २०२२ देखि अप्रिल २०२२ सम्मको ३ महिनाको अवधिमा जम्मा ४६० जना महिला तथा बालिकामाथि भएका हिंसाका घटनाहरु अभिलेखीकरण गरेको छ । जसमध्ये १६ वटा घटना विभिन्न पत्रपत्रिकामार्फत संकलन गरिएको हो ।








# प्रभावितका लागि मनोविमर्श सेवा

ओरेकले फेब्रुवरी २०२२ देखि अप्रिल २०२२ सम्मको ३ महिनाको अवधिमा संकलन भएका कूल ५४१ महिला हिंसाका घटनाका प्रभावितहरु र उनीहरुको परिवारका सदस्यहरुलाई गरि यस अवधिमा ४१७ जनालाई मनोविमर्श सेवा प्रदान गरेको छ । मनोविमर्श सेवा ओरेकद्वारा सञ्चालित २ वटा हटलाइन, ३० मनोविमर्श केन्द्र र ९ वटा सुरक्षाआवास मार्फत प्रदान गरिएको हो । प्राकृतिक प्रकोप, महामारी, द्वन्द्वको प्रभावले परेको समस्या लगायत विभेद र हिंसाबाट प्रभावित व्यक्ति तथा समुदायको मनोसामाजिक अवस्थामा परेको प्रभावलाई सम्बोधन गर्नका लागि स्थानीय तहले मनोविमर्श सेवालाई प्राथमिकतामा राखी सहज रुपमा सेवा दिने व्यवस्था गर्नु आवश्यक छ । यस विषयलाई प्राथमिकतामा राखेर संस्थाले हरेक वडामा एक मनोविमर्शकर्ताको व्यवस्थाका लागि निरन्तर पैरवी गर्दै आइरहेको छ ।



अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा ***"महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाब अभियान"***

# आव्हान पत्र

उन्नाइसौं शताब्दीको मध्यबाट विश्वका विभिन्न देशमा महिला अधिकारका लागि श्रमिक महिलाहरूले आन्दोलनहरू शुरु गरेका थिए । सन् १८५७ मा अमेरिकाको गार्मेण्ट कारखानामा काम गर्ने श्रमिक महिलाहरूले निश्चित कार्यघण्टा, समान कामको समान ज्याला, मातृशिशुको अधिकार, महिला मजदुरलाई ट्रेड युनियनको अधिकार लगायतका माग सहित गरेको प्रदर्शन, सन् १९०९ मा न्यूयोर्कको गार्मेण्ट कारखानाका मजदुरहरूले गरेको हडताल लगायतका आन्दोलनहरुको जगमा श्रमिक महिलाहरुको सवाल र अधिकारका मुद्धा संसारभरि नै फैलियो । पछि सन् १९१० मा १७ देशका १०० जना समाजवादी महिलाहरूको बीचमा दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनबाट घोषणा भई मार्च ८ लाई महिला अधिकार आन्दोलन दिवसका रूपमा मनाउन राखेको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो र सन् १९११ देखि यस दिनलाई विश्वका विभिन्न देशमा महिला अधिकारको आन्दोलनको प्रतीकका रूपमा मनाउन थालिएको हो ।

### नेपालमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस र महिलावादि आन्दोलनको सन्दर्भ

१८औं शताब्दीबाट शुरुवात भएको श्रमिक महिलाको अधिकारको आन्दोलन २१औं शताब्दीसम्म आइपुग्दा पनि नेपालमा भने महिलाहरूले आफ्नो पूर्ण अधिकार उपभोग गर्न पाएका छैनन् । नेपालमा महिलाका मुद्दा वि.सं. २००७ सालको प्रजातन्त्रको शुरुवातसँगै आउन थालेको हो । २०४७ सालमा बहुदलीय व्यवस्थाको स्थापना भएपश्चात महिलाको अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरू, महिलाको समान अधिकारमा विश्वास गर्ने ट्रेड युनियनहरू र श्रमिक महिलाहरूले यो दिवसलाई मनाउँदै आइरहेका छन् । नेपालको सङ्गठित महिलावादी आन्दोलन राजनीतिक आन्दोलनसँग विकसित हुँदै गएको देखिन्छ । व्यक्तिगत नै राजनीतिक हो भन्ने महिलावादी अवधारणालाई महिलाहरुले राजनीतिक आन्दोलनमा समाहित गर्दै लगे सँगै महिला तथा सिमान्तकृत समुदायको सवाललाई सम्बोधन गर्न संविधान र त्यस मातहतका कानुनहरु केही हदसम्म निर्माण गरिएको छ । यो उपलब्धी नेपालको महिलावादी आन्दोलनको उपज हो । समुदायका महिलाहरु, महिला मानव अधिकार रक्षकहरुको सञ्जाल, महिला पुनःस्थापना केन्द्र (ओरेक), सामुदायीक संस्थाहरु र अन्य मानवअधिकारवादी संघसंस्थाहरुले संरचनागत विभेद अन्त्यका लागि विभिन्न अभियानहरु विगतका दिनदेखि नै सञ्चालन गर्दै आईरहेका छन । बलात्कारविरुद्धको १०० दिने अभियान, महिला स्वास्थ्य अधिकार अभियान, कथित बोक्सीको आरोपविरुद्धको ६० दिने अभियान, घरेलु हिंसाविरुद्धको ६० दिने आन्दोलन, महिलामैत्री संविधान निर्माणका लागि अभियान आदि महिला मानव अधिकार रक्षकहरुको सञ्जाल, ओरेक लगायत तमाम महिलावादीहरुले संयुक्त रुपमा सञ्चालन गरेका अभियानहरु हुन । उपलवधीस्वरुप तुलनात्मक हिसावले संविधान महिलामैत्री लेखिएको, घरेलु हिंसा र बलत्कारको घटनामा हदम्याद बढेको र महिला स्वास्थयको सवालमा राज्यलाई संवेदनशिल बनाउन भुमिका खेलेको छ ।

महिलाले गर्ने श्रमको मुल्याङ्कन नहुनु भनेको महिलाको कामलाई काम नै नमान्ने र अस्तित्वलाई स्वीकार नगर्ने पृतिसत्तात्मक सोच हो । त्यतिमात्र नभई विध्यमान विभेदकारी संरचनाले महिलाले कस्तो काम गर्ने, कहाँ गएर गर्ने भन्ने अधिकार समेत खोसेको अवस्था छ । यसले गर्दा एकातर्फ उनीहरुको गतिशिलता र आफ्नो शरीरमाथिको अधिकार कुण्ठित भएको छ भने अर्कोतर्फ उनीहरुले गर्ने श्रमकै आधारमा सामाजिक, सांस्कृतिक रुपमा बहिस्करणमा पारिएको छ । यौन श्रमिक, यौनिक तथा लैङ्गिक अल्पसख्यक, अपाङ्गता, दलित तथा सिमान्तकृत समुदायका महिलाहरुको कामलाई राज्य, समाज र परिवारले गर्ने व्यवहार मानव अधिकारविरोधी र निन्दनीय छ । अपाङ्गता भएका श्रमिक महिलाहरुका लागि अपाङ्गमैत्री संरचना र व्यवस्था नहुँदा उनीहरु आफुनो रोजाइ र सक्षमताको आधारमा काम गर्नबाट बञ्चित हुनुपरेको अवस्था जगजाहेर छ । यो भनेको महिलाको पहिचानलाई स्वीकार नगर्नु नै हो । जबसम्म महिलाको आफ्नो श्रम, शरिर र पहिचानमाथि आफ्नै अधिकार स्थापित हुन सक्दैन र त्यसका लागि राज्य र समाजले नीतिगत र व्यवहारिकरुपमा रुपान्तरणकारी भुमिका खेल्दै मानवअधिकारमुखि संस्कृतिको निर्माण गर्न सक्दैन तबसम्म सामाजिक न्याय सहितको दिगो विकासको सुनिश्चतता हुनै सक्दैन ।

तसर्थ तमाम श्रमिक महिलाहरुको आत्मसम्मान र पहिचानसहितको श्रम अधिकारको नीतिगत र कार्यान्वयात्मक रुपमा संस्थागत गर्नका लागि एकपटक फेरी हामी सम्पुर्ण श्रमजीवि महिला, महिला मानव अधिकार रक्षकहरु, महिलावादीहरु र मानव अधिकारको क्षेत्रमा कार्यरत व्यक्ति, संघसंस्था र न्यायका पक्षधर एकतृत भई संयुक्त रुपमा **महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाब अभियान** को घोषणा गर्नेछौं । **श्रमको पहिचान, मान्यता, रोजाईको काम गर्न पाउने अधिकार, विभेद, दुर्व्यवहारमुक्त कार्यस्थल एवं शरीरमाथि आफ्नो अधिकार** भन्ने मुल नारा सहित अर्न्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा यो अभियान एक बर्षका लागि निरन्तर सञ्चालनमा रहने छ । हाम्रो अधिकार प्राप्त नभएसम्म हामी रोकिनेछैनौं ।

**अभियानको लक्ष** : महिलाको हरेक क्षेत्रको काम उत्पादनशील श्रम हो भन्ने मान्यता स्थापित भएको हुनेछ ।

**अभियानको उद्धेश्यः**

- महिलाको श्रमको सम्मान गर्न नीतिगत व्यवस्था तथा विध्यमान कानुनको प्रभावकारी कार्यान्वयन र संसोधनका लागि पैरवी गर्ने ।
- श्रमिक महिलाहरुको पहिचानका लागि अभिलेखिकरण प्रणालिको व्यवस्था गर्न राज्यलाई दवाब दिने ।
- महिलाले गर्ने हरेक क्षेत्रको सेवामुलक श्रम उत्पादनशील काम हो भनि आम सचेतिकरण गर्ने ।
- महिलाको आफ्नो शरीरमाथिको अधिकार र रोजाईको कामलाई सुनिश्चित गर्न दवाब सृजना गर्ने ।

अहिलेसम्मको महिलावादी आन्दोलनका उपलब्धीहरु संस्थागत गर्दै श्रमिक महिलाभित्रको विविधतालाई समेत स्वीकार गरि कार्य गर्ने वातावरणको निर्माण हुन अत्यन्तै जरुरी छ । यसका लागि श्रमिक महिलाको श्रमको पहिचान, मान्यता, रोजाईको काम गर्न पाउने अधिकार, विभेद, दुर्व्यवहारमुक्त कार्यस्थल एवं शरीरमाथि आफ्नो अधिकारको सुनिश्चितता हुनुपर्दछ । तसर्थ राज्यका सबै तह र निकायलाई श्रमिक महिलाको पक्षमा संवेदनशील र जवाफदेही बनाई नीतिगत पैरविका लागि **महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाब अभियान** घोषणा गर्दछौं । यो अभियानमा ऐक्यवद्धता जनाई न्याय र मानवअधिकारको पक्षमा उभिन हामी सबैमा हार्दिक अपिल गर्दछौं । श्रमिक महिलाहरुको श्रमको मान्यता, पहिचान र रोजाईको अधिकार मानव अधिकार हो ।

**अभियान सहभागिता** : महिला मानव अधिकार रक्षक सञ्जाल, विभिन्न संघसंस्थाहरु, महिलावादी, विद्यार्थी, अधिकारकर्मीहरु आदी ।
**अभियानको समयावधि** : ८ मार्च २०२२, मंगलबार शुरु भई ८ मार्च २०२३ मा समापन गरिने
**घोषणासभाको समयः** भद्रकालिदेखि शान्तिवाटिकासम्म र्‍यालि, शान्तिवाटिकामा **अभियान घोषणा सभा** ।
**समय** : बिहान ठिक ९:३० बजे ।

*(भद्रकालीदेखि शान्तिवाटिका सम्म र्‍यालि सम्पन्न गरि घोषणा सभा गरिने छ । अभियानअन्तर्गतका कार्यक्रमहरु छिट्टै सार्वजानिक गरिने छ ।)*

**महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार : सामाजिक रुपान्तरणको आधार राष्ट्रव्यापी अभियान**

**ध्यानाकर्षण पत्र**

लामो समयदेखिको सामाजिक राजनीतिक संघर्ष पश्चात देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको स्थापना भएसँगै राजनैतिक रुपान्तरण पनि भएको छ । यो सँगै यी उपलब्धीहरु संस्थागत हुन देशले सामाजिक आर्थिक सबै क्षेत्रमा रुपान्तरण खोजेको छ । समाजमा महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुबीच जात, वर्ग, यौनिक तथा लैंगिक पहिचान, भुगोल आदिको आधारमा सिर्जित असमान शक्तिसम्बन्धले हामीले खोजेको परिवर्तनलाई बाधा पुऱ्याइरहेको छ । त्यसैले आर्थिक सामाजिक रुपान्तरणका लागि रुपान्तरित नेतृत्वको आवश्यकता छ । देशको आधाभन्दा बढी जनसंख्या भएका महिलाको नेतृत्व र अर्थपूर्ण राजनैतिक सहभागिता रुपान्तरित नेतृत्वका लागि आवश्यक पर्ने आधारभूत शर्त हो ।

तुलनात्मक रुपमा हेर्दा वि.सं २०७४ को स्थानीय तहको निर्वाचनमा १,४८,३६४ जनाले उम्मेदवारी दिएकामध्ये ६१.०१ प्रतिशत पुरुष र ३८.९८ प्रतिशत महिलाको सहभागिता थियो । निर्वाचित ३५,०३४ जना जनप्रतिनीधिहरुमध्ये ५९.०४ प्रतिशत पुरुष र ४०.९६ प्रतिशत महिला थिए । समग्रमा स्थानीय तहको निर्वाचनले महिलाहरुको ४० प्रतिशत सहभागिता सुनिश्चित गऱ्यो । जम्मा निर्वाचित प्रतिनीधिहरुमध्ये १८.७५ प्रतिशत दलित महिलाको उपस्थिती थियो । यद्यपि निर्णायक तहमा पुरुषहरुकै बाहुल्यता रहेको छ ।[1]

अहिले, राजनैतिक नेतृत्वले यो यथार्थतालाई हृदयंगम गर्दै आगामी निर्वाचनमा संविधानको धारा ३८ को उपधारा ४ अनुसार राज्यका सबै संरचनाहरुमा महिलाको समानुपातिक समावेशी नेतृत्व सुनिश्चित गर्न सकेमा मात्र देशको समग्र रुपान्तरणको आधार तयार हुन सक्छ । दुर्भाग्यवश अहिलेसम्म हरेक तहमा जरो गाडेर रहेको पितृसत्तात्मक संरचना र त्यसैमा आधारित महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणबाट सिर्जित हानिकारक परम्परागत अभ्यासका कारण राजनैतिक नेतृत्वमा महिलालाई सहजै स्वीकार गर्ने बातावरण छैन । महिलाको पहिचान, श्रम र शरीरमाथि महिलाको आफ्नो नियन्त्रण हुने स्थिति हालसम्म पनि सिर्जना हुन सकेको छैन । यसमा परिवर्तन हुन नसकेकै कारण देशमा स्थापित लोकतन्त्र, दिगो शान्तिको प्रत्याभुति आम जनताको पहुँचभन्दा बाहिर छ । जसले गर्दा संक्रमणकालीन न्यायमा पहुँच सिमित व्यक्ति, समूह र नेतृत्वको वरिपरि मात्रै देखिन्छ । यो स्थितीको परिवर्तन बिना न त संघीय लोकतान्त्रिक गणतन्त्र दिगो बन्न सक्छ न त देशमा सामाजिक साँस्कृतिक रुपान्तरण नै सम्भव छ । यसका लागि स्थानीय तहदेखि संघीय तहसम्म नेतृत्वमा रहेका व्यक्तिहरुले आफुलाई परिवर्तनका लागि तयार गर्न र पुर्ण ईच्छाशक्तिका साथ रुपान्तरणलाई सम्भव बनाउने वातावरण तयार गर्नु जरुरी छ ।

[1] *Election Commission of Nepal, 2017*

महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार सुनिश्चित गर्न राज्यका सबै संयन्त्रहरुको ध्यानाकर्षण गर्न र निर्णायक तहमा महिला जनप्रतिनीधिको उपस्थिति सुनिश्चित गर्न राजनीतिक दलहरूमा दबाब सिर्जना गर्ने मुख्य उद्देश्य सहित महिला अधिकारकर्मी, सामाजिक अभियन्ता, राजनीतिक दलका प्रतिनिधिहरु, विद्यार्थी, संचारकर्मी, कलाकारहरुसँगको समन्वय र सहकार्यमा महिला पुर्नस्थापना केन्द्र (ओरेक) द्वारा आफ्नो ३१ औं वार्षिकोत्सवको शुभ-अवसरमा आगामी निर्वाचनमा निर्णायक तहमा महिलाको अर्थपूर्ण समानुपातिक समावेशी सहभागिता सुनिश्चितताको वातावरण तयार गर्न **"महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार : सामाजिक रुपान्तरणको आधार"** भन्ने नारा सहित राष्ट्रव्यापी अभियान मिति २०७८ साल चैत्र १९ गते घोषणा गरेको छ ।

हाम्रा मागहरु :

१. नेपालको संविधानको धारा ३८ को उपधारा ४ मा मौलिक हककै रुपमा व्यवस्था गरिए अनुसार राज्यका सबै संरचनामा महिलाको समानुपातिक समावेशी नेतृत्व अनिवार्य रुपमा सुनिश्चित गरियोस् ।

२.महिला र महिलाभित्रको बिभिधतालाई (दलित, जनजाति, यौनिक तथा लैंगिक अल्पसंख्यक, अपागंता आदि) सम्मान र स्वीकार गरि सोहि अनुसारको सहभागिता र निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चितताका लागि अनिवार्य राजनीतिक दलहरुको बिधानमा नै व्यवस्था गरि कार्यन्वयनमा ल्याइयोस् ।

३.राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि महिलाको निर्णायक नेतृत्वको अभ्यास गर्न सरकार र राजनितीक दलबाट विशेष योजना र कार्यक्रम बनाइ कार्यन्वयनमा ल्याईयोस् ।

४. आगामी स्थानीय तहको निर्वाचनमा महिलाको नेतृत्वदायी पद सुनिश्चितताका लागि सोहि अनुसार राजनीतिक दलबाट बिना कुनै शर्त महिलाको उमेद्वारी मनोनयन हुने व्यवस्था गरियोस् ।

५. अझैपनि महिलाको पारिवारिक, सामाजिक र राज्यकै श्रोतमाथि पुर्ण रुपमा पहुँच स्थापित हुन सकेको छैन । चुनाव प्रचारप्रसारको क्रममा हुने आर्थिक अनियमीतताले गर्दा महिलाहरुलाई स्वतस्फुर्त रुपमा चुनावी प्रतिस्पर्धामा आउन कठिन हुने हुँदा सबै राजनीतिक दलले सो सँग सम्बन्धित निर्वाचन आचारसंहिताको पुर्ण रुपले पालना गरि महिलाको नेतृत्वलाई प्रोत्साहन गरियोस् ।

६. पितृसत्तात्मक संरचना र त्यसैमा आधारित महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणका कारण राजनैतिक नेतृत्वमा महिलालाई सहजै स्वीकार गर्ने वातावरण छैन । महिलाको नेतृत्वलाई उनीहरुको यौनिकतासँग जोडेर लगाइने चारित्रीक आरोप, लान्छनाले गर्दा उनीहरुको राजनीतिक निरन्तरता र नेतृत्व विकासमा नकारात्मक प्रभाव पारेको छ । यस्ता कार्यमा संलग्न पार्टि नेतृत्व तथा कार्यकर्ताहरुलाई कारवाहि गरियोस् ।

७. नेपालको महिलावादि आन्दोलन राजनीतिक आन्दोलनसँग जोडिएको छ । देशको राजनितिक परिवर्तनका लागि महिलाहरुले पुऱ्याएको योगदानको कदर र सम्मान गर्दै महिलाको नेतृत्वलाई उनिहरुको अधिकारको रुपमा स्वीकार गरियोस् ।

८. सबै राजनितिक दलहरुले आफ्नो चुनावि घोषणापत्रमा महिला तथा किशोरीहरुको सवाललाई राजनीतिक सवालको रुपमा स्पष्ट उल्लेख गरि प्रभावकारि कार्यान्वयनका लागि पहल गरियोस् ।

९.महिलाले नेतृत्वदायी भूमिकामा अगाडि आउनका लागि सामना गर्नुपर्ने पारिवारिक, सामाजिक तथा आर्थिक बाधा व्यबधान र चुनौतिहरुको अध्ययन गर्दै सवाल सम्बोधनका लागि राजनीतिक दलद्धारा योजना निर्माण तथा कायन्वयन गरि महिलाको नेतृवलाई प्रोत्साहन गरियोस् ।

ओरेक
बालकुमारी, ललितपुर फोन नं.: ०१ ५१८६०७३,
ईमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org
हटलाईन नम्बरहरु: १६६००१७८९१०; १६६०-२१-५२०००